वास्तासित परामर्श दिनु

पाष्टरीय तालीम पुस्तिका

ड

तालीम र वृद्धि

T&M ®

परामर्शमा बुद्धिको निम्ति परमेश्वरसंग प्रार्थना गर्नोस् ।

पाष्टरीय सेवकाइमा परामर्श दिनुपर्ने हुन्छ । कति पाष्टरहरुले प्रचार गरेर भन्दा पनि परामर्श दिएर आफ्ना मानिसहरुको आत्मिक उन्नति गर्दछन् । जुन विषयमा व्यक्तिगत समस्या परेको हुन्छ, त्यस्तो बेला प्रवचन प्रचार गरेर भन्दा व्यक्तिगत रुपमा भेटेर धर्मशास्त्रबाट राम्ररी बुझाई सान्त्वना दिएको धेरै प्रभावशाली हुन्छ ।

कहिले परामर्श दिनु पर्ला ?

यस्ता मानिसहरुलाई परामर्श चाहिन्छ ।

हामीले कस्ता व्यक्तिलाई व्यक्तिगत रुपमा परामर्श दिनुपर्छ:

- व्यक्तिगत समस्याहरु भएकालाई,
- विवाह गर्न तयार हुँदै गरेका जोडीहरुलाई,
- शोकमा परेकाहरुलाई,
- बिरामीहरुलाई,
- हतोत्साहित भएकाहरुलाई,
- बरालिएर टाढा भएकाहरुलाई,

आत्मिकी समस्याहरु भएको बेला यदि मानिसहरुले प्रशस्त परामर्श लिँदैनन् भने, उनीहरु यति निरुत्साहित बन्न सक्छन्, कि, उनीहरुले कुनै मूर्ख काम गर्न पनि बेर लाउँदैनन् ।

प्रभु येशू ख्रीष्टले व्यक्तिगत रुपमा धेरै व्यक्तिहरुलाई परामर्श दिनुभयो: निकोदेमस, सामरी स्त्री, धनी जवान मान्छे, पत्रुस, जक्कै, मार्था अनि अरु धेरै जनालाई ।

तपाई र तपाईको मण्डलीका सदस्यहरुले पनि तपाईको छिमेकीमा जस-जसलाई समस्या भएको छ, तिनीहरुलाई सहायता गर्नसक्नु हुन्छ ।

तल दिइएका सूचीबाट, तपाईको क्षेत्रमा तपाईंले थाहा गर्नुभएको भइरहने समस्याहरु के के हुन्:

☐ मतवालीपन, अथवा यसबाट हुने अप्रत्यक्ष प्रभावहरु ।

☐ बेकारीपन ।

☐ नानीहरुलाई अनुशासित गर्न नसक्नु ।

☐ झगडाहरु, ईर्ष्या, भरोसाको अभाव अनि अरु समस्याहरु ।

मानिसहरुलाई खीष्टमा बढाउनको लागि पनि हामीले परामर्श दिने गर्दछौं । हामीले परामर्श दिनुभन्दा अघि गम्भीर समस्याहरु हुनैपर्छ भन्ने सोंच्नु हुन्न ।

कसरी राम्रोसित परामर्श दिनु ।

तीन कुराहरु गर्न असमर्थ हुनेहरुलाई हामीले सहयोग गर्नुपर्छ:

१. तनीहरुका समस्याहरुको खास कारण पत्ता लाउन नसक्नेहरुलाई ।

(जब कुनै व्यक्तिले आफ्नो समस्याबारे बताउँछ, पर ामर्शदाताले सुन्दछ । सर्वप्रथम, बढी स्पष्टसंग बुझ्न सकिने उजुरी र फिक्रीका कुराहरु सुनिदिनोस् । त्यसपछि, लुकेर बसेका, गहिरा कारणहरु, अथवा विगतमा जरा गाडेर रहेका कुराहरु पत्ता लाउन केही विशेष प्रश्नहरु सोध्नुहोस् ।)

२. परमेश्वरसित तिनीहरुको सम्बन्ध बढाउनको निम्ति ।

(तिनीहरुले परमेश्वरको अघि, अनि आवश्यक परेमा, उनीहरुले जसको चित्त दुखाएका छन्, तिनीहरुको अघि आफ्ना भूलहरु मानिलिनको निम्ति परामर्शदाताले सहयोग गर्नेछन् ।)

३. आवश्यक बाइबलीय कदमहरु चाल्नको निम्ति ।

तिनीहरुको आफ्नै समस्या समाधान गर्नको निम्ति तिनीहरुसित सम्बन्धित बाइबलीय तरिकाहरुको बारेमा छलफल गर्नुहोस् ।

फेरि बिचारौं । एक असल परामर्शदाताले समस्यामा परेको व्यक्तिलाई समस्याको खास कारण पत्ता लाउन अनि ठीक पार्न, परमेश्वरसित ईमान्दार सम्बन्ध कायम राख्न, अनि उसको जीवनको निम्ति बाइबलीय सिद्धान्तहरु प्रयोगमा ल्याउन सहायता गर्दछ ।

१. खास कारणलाई कसरी पत्ता लाउनु ?

_____

२. परमेश्वरसित तिनीहरुको सम्बन्ध सुधार्नको निम्ति कसरी तिनीहरुलाई सहायता गर्नु ?

_____

३. कसरी हामी उनीहरुलाई बाइबलीय सिद्धान्तहरु प्रयोग गर्न सहयोग गर्न सक्छौं ?

_____

समस्याको खास कारण पत्ता लाउनु

परामर्श शुरु गर्नुभन्दा पहिले, समस्याको समाधान पत्ता लाउनको लागि परमेश्वरको अगुवाइ र बुद्धिको निम्ति प्रार्थना गर्नुहोस् । (याकूब १:५) त्यसपछि परमेश्वरको आत्माले नै तपाईंलाई अगुवाइ गरुन् ।

परामर्श दिनुभन्दा अघि राम्ररी सुन्नुहोस् । नसुनीकन, केवल बोल्न मात्र जान्ने परामर्शदाता, केही काम लाग्दैन !

काम नलाग्ने परामर्शदाता यसरी बोलिरहन्छः

"...नम्रतापूर्वक तिनको सुधार गर ।" गलाती ६:१

जरुरीः विवाहित जोडीलाई परामर्श दिँदा, यदि उनीहरु तपाईंको सामुन्ने झगडा गर्दछन् भने, उनीहरुले तपाईंलाई सुनिरहेका छन् कि छैनन् भनी पहिला निश्चित हुनुहोस् । अर्कोले साँच्चै के सोंचिरहेको छ भनी हरेकले नजानेसम्म संचार पुनर्स्थापित हुनसक्दैन ।

उदाहरणको लागि, पतिलाई सोध्नोस्: “तपाईंको पत्नीले भर्खरै के भनिन् ? उसले भनेकी कुरामा तपाईं सहमत नहुनु भए तापनि, उसको उजुरीलाई दोहोऱ्याउनु होस् त । उसले के सोंच्छिन्, त्यो तपाईंले बुझ्नु हुन्छ कि हुन्न भनेर म जान्न चाहन्छु ।”

उनीहरुले सठीक रुपमा दोहोऱ्याउन नसकुञ्जेल, उनीहरुलाई एकाअर्काको उजुरी दोहोऱ्याउन लाइरहनु होस् । यदि उनीहरुले एकाअर्काको समस्या जान्न सके, उनीहरु सजिलोसंग सहमतमा आउन सक्छन् ।

जसले आफ्ना समस्या वा खाँचोका कारण जान्नलाई संघर्ष गरिरहनु परेको छ, उनीहरुलाई हामीले धैर्यसंग सुनिदिएर सहयता पुऱ्याउन सक्छौं । पहिले हामी उनीहरुको उजुरीहरु सुन्ने छौं । यसका लक्षणहरु निश्चय यस प्रकारका हुन्छन्: भावनामा चोट पुगेको, रीस, अथवा उनीहरु एकाअर्कालाई मन नपर्ने केही बानीहरु ।

प्रत्यक्ष कुराहरु पहिले देखा पर्ने छन्, तर शायद समस्याको मूल जरो लुकेरै रहिरहेको हुनेछ। यो भित्र गाडिएको, अनि कष्टदायक हुन्छ। समस्याको मुख्य कारणबारे भन्नु पीडादायक हुन्छ, अनि यस विषयलाई छुनु पनि निकै संवेदनशील हुन्छ। गौण कारणहरुलाई पनि राम्ररी बुझिदिनु होस्। कतिपय विषय साह्रै गम्भीर नहोलान्, तर ती कुराहरुले पनि तनाव ल्याउँछ (उदाहरणको लागि, "अनि मेरो सासुले साह्रै वाधा दिइरहन्छे", अथवा "अनि उहाँले साह्रै पिउनु हुन्छ", इत्यादि)।

बुद्धिमानी परामर्शदाताले धेरै सतही लक्षणहरुलाई मात्र ध्यान दिँदैन, नता ससाना कुराहरुमा बढी ध्यान दिन्छ जसले समस्यालाई झन उत्तेजित पार्दछ। जब त्यो व्यक्तिले कसैमाथि दोषारोपण गर्दछ, अथवा कुनै समस्यालाई लुकाउँछ, परामर्शदाताले त्यसमा सहमत देखाउँदैन। अर्कोलाई चोट पुग्छ भनेर, अथवा उनीहरुलाई समस्याको कारण नै थाहा नभएर, शायद उनीहरुले खास समस्याको बारेमा चाहिँ कुरै निकाल्दैनन्।

कुनै विशेष अवस्थामा यस्तो पनि हुनसक्छ । उदाहरणको लागि, कुनै स्त्रीले आफ्नो पतिसंग झगडा यसकारणले गरिर हन्छे कि सानोमा उसलाई कुनै लोग्ने मान्छेले दुर्व्यवहार गर को थियो अनि उसले त्यो घटनालाई "बिर्सेकी" भए पनि, उनीभित्र सबै लोग्ने मानिसहरुको विरुद्ध तितोपनाको जरा र हिरहेको हुन्छ ।

तल दिइएका लक्षणका कारण त मात्र उदाहरणहरु हुन् । यिनीहरुको पनि विभिन्न कारणहरु हुन सक्छन् ।

मतवालीपन

- उसकी पत्नीसँग झूट बोल्छ अनि उसमा नराम्रो विवेक छ ।
- एकदमै मूर्खतापूर्ण ढङ्गले उसलाई सजाय दिएकोमा उसको बाबुप्रति उसलाई घृणा जागेको छ । यतिसम्म कि, यो सजायबाट भाग्न उसले झूटसम्म बोल्नु परेको थियो ।

सम्बन्ध विच्छेद चाहन्छ ।

- प्रेम, क्षमा अनि भरोसा गर्न गाह्रो भएको छ ।
- नजीकको सम्बन्ध बनाउन डराउँछ, किनकि उसका बाबुआमाले प्रायः जसो गरी जोडले कराउने गर्छन् ।

हिस्टेरियाले आक्रमण गरेको छ

- कसैको पापको स्वार्थता र इन्कार ।
- उसका आमाबाबुले कम प्रेम देखाएको कारण उसले परमेश्वर अथवा मानिसहरुबाट प्रेम स्वीकार गर्न सक्तैन ।

अल्सर तथा टाउको दुखाइ

- धेरै ऋणहरु भएको कारण बढी चिन्ता लिएर ।
- सानो छँदा गरीब भएको कारण गरिबीपनको डर ।

एक विद्रोही युवा

- उसका आमाबाबुले उसित कुराकानी नै गर्दैनन् ।
- उसको बाबुले सानोमा जुन बेवास्ता भोग्नु पर्‍यो, त्यस्तै गरी उसको बाबु अहिले उसित रिसाउने गर्छ ।

कुनै समस्याको समाधान खोज्नको लागि कति परामर्शदाताहरुले उसलाई समस्याको भित्री जरो भेट्टाउनको निम्ति सहयोग गर्दछन् । कहिले-काहीँ यसले सहयोग प्रदान गर्दछ, तर धेरै पटक चाहिँ बौद्धिक ढङ्गमा उसको स्वभाव अथवा भावनालाई बुझ्ने अनि यसलाई सुधार्नको लागि कदम चाल्ने काम मात्र भइरहेको हुन्छ । कुनै पनि व्यक्तिलाई हामी उसको स्वभाव अथवा भावनालाई कसरी हेर्न लाउने बनाउन सक्छौं ?

प्रार्थनासहित, उनमा रुची देखाउँदै प्रेम गरेर, अनि बुद्धिमानी प्रश्नहरु गरेर । हामीलाई भिन्नता छुट्याउने आत्मा, दक्षता अनि सुदृढता चाहिन्छ । कठीन अवस्थाहरुमा, धेरै पटक भेटेर कुरा गर्नु पर्ने हुनसक्छ ।

- भावात्मक समस्याहरु भएका मानिसहरुलाई उनीहरुको स्वभाव, व्यवहार अनि भावनाहरु विश्लेषण अनि बयान गर्न सहायता गर्नोस् । विगतमा पुरिएका कारणहरु बुझेर यदि उनीहरुमा केही शान्ति पलाउँछ भने, यो खोजलाई अघि बढाउनु होस् । उसमा कुनै भावनात्मक धक्का परेको थियो कि भनेर सोध्नोस् । बाबुआमा, दाजुभाइ अनि दिदीबैनीहरु, शिक्षकहरु अनि स्कूले साथीहरुसित उसको सम्बन्ध कस्तो थियो, साथै, यदि उसले पूरा गर्न नसकेको लक्ष्य पो थियो कि, अथवा उसका मातापिताहरु अविवाहित पो थिए कि, अथवा उनलाई धर्मपुत्र वा पुत्री पो बनाएर पालेका हुन् कि, पत्ता लाउनोस् । सामाजिक, भावनात्मक अथवा आत्मिकी समस्याहरुले भित्री चोट ल्याउँछन् । उसको निम्ति केही गर्नुभन्दा अघि उसलाई राम्ररी सुन्ने र उसलाई बुझ्ने प्रयत्न गर्नोस् । प्रायः जसो गरी, सानो झुण्डमा सधैं भेटिरहने मानिसहरुबाट परामर्शदाताहरुले असल परिणाम पाउँदछन् । झुण्डका सदस्यहरुले एकाअर्कालाई प्रोत्साहित गर्दछन् अनि उनीहरुको व्यवहार र स्वभाव परिवर्तनको निम्ति एकाअर्कामा लेखा दिनेहरु हुनसक्छन् ।

- मात्र “हो” र “होइन” उत्तर आउने प्रश्नहरु नसोध्नु नै राम्रो हो । पूरा उत्तर आउने किसिमका प्रश्नहरु सोध्नोस् । उदाहरणको लागि, “के तपाईंका मातापिताले तपाईलाई नराम्रोसँग व्यवहार गरे ?” यस प्रकारको प्रश्न होइन, तर “कसरी तपाईंको आमाबाबुले तपाईंसित नराम्रो व्यवहार गरे ?” भनेर सोध्नोस् ।

- बडो समझदारी र सहानुभूतिपूर्वक सुनिदिनु होस् । *“आनन्द गर्नेहरुसँग आनन्द गर । रुनेहरुसँग रोओ ।”* (रामी १२:१५)

- कुनै एक पक्षपट्टि नढल्किनुहोस्, अथवा पूर्वाग्रह नदेखाउनुहोस्, अथवा व्यक्तिगत आलोचना नगरि हाल्नोस् । हामी न्याय गर्नको निम्ति यो सेवकाइमा छैनौं, तर बाइबलीय सिद्धान्तहरु अनुसार उनीहरुका समस्याहरुको समाधान गर्न सहयोगी बन्न परेको छ ।

- सार्वजनिक थलोमा होइन, तर एकान्त ठाउँमा बातचीत गर्नोस्, तर परामर्श दिइनु पर्ने व्यक्ति तपाईंभन्दा विपरीत लिङ्गको भए, सकेसम्म परामर्श पाउने व्यक्तिकै लिङ्गको एक तेस्रो व्यक्ति त्यहाँ उपस्थित हुनु अति राम्रो

हुन्छ । यो तेस्रो व्यक्ति बातचीत गर्नलाई होइन, तर उसले मनमनै प्रार्थना गरिदिनसक्छ ।

- परामर्श दिइएको व्यक्ति अथवा विवाहित दम्पत्तिसित जे बातचीत हुन्छ, परामर्शदाता (साथै ऊसित रहेको व्यक्ति) ले उनीहरुका व्यक्तिगत कुराहरुलाई एकदमै गोपनीय राख्नुपर्छ । उसले गुप्तमा जे भनेको छ, पाष्टर ले त्यसलाई कदाचित दोहोऱ्याउनु हुन्न ।

- कहिले-काहीँ तपाईंले त्यस्ता कुरा सुन्नुहुन्छ, जसले तपाईंलाई चकित पार्नसक्छ । तरै पनि, तपाईंले त्यस व्यक्तिलाई दोष्याइहाल्नु हुन्न, बरु परमेश्वरले प्रेम गर्नु भएको व्यक्तिको रुपमा स्वीकार गर्नुपर्छ । उहाँले तिनीहरुको निम्ति सर्वोत्तम चाहनुहुन्छ, अनि हाम्रो पर ामर्श अनि प्रार्थनाहरु पनि त्यही लक्ष्य हासिल गर्ने किसिमको हुनुपर्छ ।

- परामर्श दिनुभएको व्यक्तिलाई कुनै विशेष सहयोग चाहिन्छ जस्तो तपाईंलाई लाग्यो भने, कुनै विशेषज्ञसित सल्लाह लिनुअघि उसको अनुमति माग्नोस् ।

होशियारीपूर्वक सुन्नुहोस्, अनि उसको समस्याको बारेमा र ाम्ररी बुझ्नको निम्ति उसलाई अरु प्रश्नहरु सोध्नोस् । यदि अरुहरु सामेल भएको भए, उसले कुन प्रकारको कार्वाही गर्ने थियो, उसले राम्ररी बुझाउनु पर्छ, अनि निश्चित योजनाहरु बनाउनु पर्छ ।

समस्यालाई कसले चिन्ने ?

- ☐ परामर्शदाताले ।
- ☐ जो समस्याले पीडित छ, परमेश्वरको सहायतामा उनै व्यक्तिले ।

जो समस्याले पीडित छ, उसैले समाधान निकाल्नु पर्छ । यदि उसले आफ्ना समस्याहरुको हल आफै निकाल्दैन भने, ती सदाको निम्ति समाधान हुँदैन ।

परामर्शदाताले समस्याको बारेमा निम्न कुराहरु पत्ता नलगाईञ्जेल प्रश्नहरु गरिरहन्छः

- ☐ उसको रीस ।
- ☐ समस्या समाधान गर्ने खालको स्वभाव अथवा व्यवहार मा परिवर्तन ।

साधारणतया, प्रथम पटकका उजुरीहरुले समस्याको जरो प्रकट गर्दैन । ती ता साधारणतया यसो हुनसक्छः

- ☐ समस्याको परिणाम ।
- ☐ समस्याको कारण ।

समस्याको मूल जरो भेट्टाउनः

- ☐ हामीले खोजमूलक प्रश्नहरु सोध्नुपर्छ ।
- ☐ हामी लामो प्रवचनहरु प्रचार गर्नुपर्छ ।

प्रश्नहरु गरेर, परामर्शदाताले के गर्नुपर्छः

- ☐ यदि त्यस व्यक्तिले जवाफ दिनसकेन भने गाली गर्नुपर्छ ।
- ☐ धैर्यपूर्वक सुन्नुपर्छ ।

समस्याको मूल जरो पत्ता लाउने दुइ मुख्य चाबीहरु हुन्– सोध्नु र सुन्नु । यदि परामर्श लिने व्यक्तिले विषयलाई परिवर्तन गर्दैछ भने, तपाईं उनको विचार र धारणा सुन्न चाहनुहुन्छ भन्ने विश्वास उसलाई दिलाएर, बडो नम्र भावमा उसलाई वास्तविक विषयमा बातचीत गर्नको निम्ति उत्साहित पार्नु होस् ।

समस्याका गहिरो कारणहरु पत्ता लाउने प्रश्नहरुका उदाहरणहरुः

- "केले चाहिँ यी कष्टदायक अनुभवहरु उत्पन्न गऱ्यो होला भनी तपाईं ठान्नु हुन्छ ?"

- "के कस्ता अवस्थाहरुमा तपाईंलाई मद्यपान गरुँ गरुँ लाग्छ ?"

- “यो कुनै शारीरिक बिरामी पो हो कि भनेर के तपाईंले डाक्टरसित सल्लाह लिनुभयो ?” “डाक्टरले के भन्नुभयो ?”

- “तपाईं किन अझ पनि ती व्यक्तिहरुसित बाहिर जानु हुन्छ जसले तपाईंलाई पिउनको निम्ति उक्साउँछन् ?”

- “किन तपाईंले आफ्नी पत्नीमाथि पूरा भरोसा गरेर तपाईंले लिनुभएका ऋणहरुको बारेमा उनलाई भन्नु हुन्न ?”

- “किन तपाईंले प्रकाशलाई उसको असफलताको निम्ति क्षमा दिनसक्नु भएन ?”

- “किन तपाईंले नानीहरुको लागि निर्देशिकाहरु तयार पार्नुभएन ?”

- “किन तपाईं आफ्नो पतिसँग डराउनु हुन्छ ?”

- “कहिलेदेखि तपाईंले यस्तो गहन चोट महसूस गर्न थाल्नुभयो ? तिनीहरुलाई तपाईंले केसित सम्बन्धित भएको ठान्नुहुन्छ ?”

- “शायद तपाईं स्वयंले खीष्टबाट पाइने पूर्ण क्षमादान स्वीकार नगर्नु भएको कारण, तपाईंले तपाईको बुबालाई क्षमा गर्नसक्नु भएको छैन होला । उहाँको क्षमादान माग्नको लागि अब तपाईंलाई केले रोकिराखेको छ ?”

- “कुन कुराले तपाईंलाई सर्वप्रथम काम नलाग्दो जस्तो महसूस गरायो ?”

- “तपाईं सानो छँदा तपाईंको बाबुले तपाईंसित के कस्ता व्यवहार गरेका थिए ? के उनले अथवा कसैले तपाईं सानो छँदा तपाईंसित नराम्रो व्यवहार गरेका थिए, जसको कारण तपाईंले पुरुषहरुमाथि भरोसा राख्न सक्नुहुन्न ?”

- “ के तपाईंले अझ पनि त्यस्तो पारामा आफ्ना मातापितालाई खुशी पार्न खोज्दै हुनुहुन्छ, जसको कारण तपाईंको विवाहित जीवनमा बाधा आउने अवसर दिँदै हुनुहुन्छ ? किन ?”

- “तपाईं सानो छँदा तपाईंको परिवार कस्तो थियो ? त्यहाँ के कस्ता समस्याहरु थिए ?”

- “जब तपाईंले आफ्ना बाबु अथवा आमालाई सम्झनुहुन्छ, तपाईंलाई कस्तो महसूस हुन्छ ?”

- तपाईं भन्नुहुन्छ तपाईंको बुबा साँढे जस्तै डरलाग्दो हुनुहुन्थ्यो । के यसैको कारण तपाईं अहिले आफ्नो परिवारप्रति कठोर बन्नुभएको हो ?

- "के बालकैदेखि बन्धनमा हुनुभएको त्यो साङ्लाबाट येशू खीष्टले तपाईंलाई मुक्त पारेको चाहनु हुन्छ ?"

- "तपाईंको आफ्नै, अनि तपाईंको परिवारको भलाइको लागि, तपाईंमा त्यस्तो चोट लगाउनु हुने तपाईंको बाबुलाई क्षमा दिन के तपाईं तयार हुनुहुन्छ ? के तपाईंले आफ्ना पापहरु खीष्टमा स्वीकार गर्न चाहनुहुन्छ, ताकि तपाईंले अरुहरुलाई क्षमा गर्न सक्नुहुनेछ ?"

परमेश्वरसित तिनीहरुको सम्बन्ध सुधार्नको निम्ति तिनीहरुलाई सहयोग गर्नुहोस्

मानिस जातिको निम्ति सबैभन्दा ठूलो आवश्यकता परमेश्वर सितको मिलाप हो । त्यसपछि, शान्ति तपाईंमा अनि अरुहरुमा बहन थाल्छ ।

जब कसैले आफ्ना पापहरु परमेश्वरमा स्वीकार्दछ, अनि उहाँको क्षमादान र प्रेममा उसले भरोसा राख्दछ, व्यक्तिगत अनि वैवाहिक समस्याहरु आफै समाधान भएर जानेछ ।

जुन व्यक्तिहरुले खीष्टलाई चिनेका छैनन्, उनीहरुलाई पनि उहाँको बलिदानद्वारा सिद्ध भएको खीष्टको प्रेमबारे बुझाइदिनुहोस् । पिताको क्षमादान र मृतहरुबाट बौरी उठ्नुभएको खीष्टमा पाइने अनन्त जीवनबारे निश्चयता दिनुहोस् ।

कुनै इसाईले पाप गरिहाल्यो भने, ऊ परमेश्वरको अघि ईमान्दार भएर उसका पापहरु स्वीकार गर्नुपर्छ, अनि उहाँको शुद्धचाइँ र क्षमादानको निम्ति भरोसा गर्नुपर्छ । कुनै पनि अइसाई व्यक्तिले पनि क्षमादानको निम्ति खीष्टमा भरोसा राख्नुपर्दछ । एक असल परामर्शदाताले कुनै पनि व्यक्तिलाई परमेश्वरको अघि ईमान्दार हुन सिकाउँछ । कृपया पढ्नोस् १ यूहन्ना १:८-२:२ ।

यदि परामर्श लिँदै गरेको व्यक्ति एक ईमान्दार विश्वासी हो भने, जस्तो सुकै परिस्थितिमा पनि परमेश्वरको इच्छा पालन गर्ने काममा उसलाई प्रोत्साहित गर्नोस् ।

"हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस् । तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस् ।"

(मत्ती २६:३९)

जब हामी उहाँको इच्छा पालन गर्न कम्मर कस्छौं, परमेश्वर ले हामीलाई इनाम दिनुहुन्छ ।

परमेश्वरको इच्छा जान्न र स्वीकार गर्नको लागि, परामर्श लिने व्यक्तिसँग सधैं प्रार्थना गर्नोस् ।



समस्या समाधान गर्नको लागि आवश्यक बाइबलीय कदमहरु चाल्नोस्

त्यस व्यक्ति अथवा परिवारलाई समस्याहरुको सम्बन्धमा बाइबलीय शिक्षा पालन गर्न सहयोग गर्नोस् । यदि त्यस विषयबारे बाइबलमा प्रत्यक्ष शिक्षा छैन भने, त्यससित सम्बन्धित धारणाहरु सिकाउनोस् ।

कुनै पनि व्यक्तिको मन नयाँ पार्नको लागि एफिसी ४:१७-३२ र कलस्सी ३ मा भएका विवरणहरु अध्ययन गर्नोस् ।

के गर्नुपर्ने हो भनी योजना र निर्णय गर्न सहयोग गर्नुहोस् । फेरि नदोहोरिने गरी, बुद्धिमानी तरिकासँग समस्या समाधान गर्ने उपाय ननिस्कुञ्जेल धेरै पटक परामर्श दिने काम भइर होस् । सेसनहरुको बीचमा के कस्तो भएको देख्न चाहनुहुन्छ, त्यसको निम्ति लक्ष्यहरु निर्धारित गर्नोस् । यदि उक्त समस्याले उसको परिवारलाई पनि प्रभावित पारेको छ भने, तिनीहरुलाई पनि परामर्श दिनोस् । सँगसँगै मिलेर, समस्या समाधान गर्ने कदमहरु चाल्नको लागि योजना गर्नोस् ।

जसले व्यक्तिले समाधानको इच्छा राख्दैन तर परामर्शदाताको व्यक्तिगत ध्यान मात्र खिँच्न चाहन्छ भने, त्यस्ता स्वार्थी व्यक्तिहरुसित समय खेरो नफाल्नु होस् । उनीहरुलाई भावनात्मक सहयोग दिएर मात्र तिनीहरुका समस्याहरु कहिल्यै समाधान हुँदैन । समस्याको "शिकार" हुँदा आनन्द मनाइरहने मानिसहरु चिन्न सकौं भनी प्रभुसित प्रार्थना गरौं ।

परामर्श दिइएका व्यक्तिहरुले के गर्नुपर्छ भनी सहयोग प्रदान गर्नको निम्ति केही सुझावहरुः

साधारण सुझावहरुः

- उनीहरुको विरुद्धमा पाप गर्नेहरुलाई क्षमा दिन सकून् भनी उनीहरुलाई सहयोग गर्नुहोस् । उनीहरुले भावनाद्वारा होइन, तर विश्वासद्वारा क्षमा गर्नैपर्छ । जब उनीहरुले क्षमा गर्न चाहन्छन् भनेर परमेश्वरलाई भनिसकेपछि, उनीहरुले क्षमा गर्न चाहेको निर्णय सँगसँगै उनीहरुको भावनाहरु पनि पछि लागेका हुन्छन् भनेर उनीहरुले पत्ता पाउनेछन् ।

- जसलाई पनि उनीहरुले उनीहरुको पापद्वारा कष्ट पुऱ्याएका छन्, तिनीहरुसँग उनीहरुले क्षमा माग्नको लागि सहयोग गर्नुहोस् । (मत्ती ५:२३-२४)

- दिनहुँ अनुशासित भएर बाइबल पढ्ने र प्रार्थना गर्ने काममा उनीहरुलाई सहयोग गर्नुहोस् ।

- उनीहरुलाई परीक्षाबाट टाडो राख्न सक्ने नयाँ साथीहरु बनाउन उनीहरुलाई सहयोग गर्नुहोस् ।

- तिनीहरुको परिवार, काम अनि अध्ययनद्वारा परमेश्वरको लागि तिनीहरुको सेवामा परमेश्वरबाट नयाँ लक्ष्यहरु खोज्न, अनि ती सबलाई प्रयोगमा ल्याउन तिनीहरुलाई सहयोग गर्नुहोस् ।

- तिनीहरुलाई वास्ता गर्ने झुण्डमा सामेल गराइदिनु होस् जहाँ तिनीहरुले निरन्तर पाष्टरीय वास्ता पाइरहने छन् ।

कुलतहरु

जुनसुकै प्रकारका दुष्कर्म अथवा दुर्व्यसनमा फँसेको व्यक्तिलाई निम्न अनुसारका निर्णयहरु गर्न सहयोग गर्नुहोस्:

- परमेश्वरको उपस्थिति र सामर्थ्यमा भरोसा गर्नु ।
  (यशैया ४१:१०, हिब्रू १३:५-८)

- केवल परमेश्वरको डर राख्नु, अनि उहाँप्रति अनाज्ञाकारी नबन्नु । (हितो. १:७)

- डरहरु अनि नराम्रा आदतहरुमाथि विजय हासिल गर्न परमेश्वरको अनन्त प्रेममा भरोसा गर्नु ।
  (१ यूहन्ना ४:१८)

- परमेश्वरले तिनीहरुलाई अनन्त प्रेमद्वारा उद्धार र प्रेम गर्नुभएको हुनाले, उनीहरुले आफूलाई एक व्यक्तिको रुपमा आफ्नो मूल्य बुझी आफूलाई स्वीकार्नु ।
  (रोमी ५:८, ८:२८, १ कोरन्थी १५:१०)

- तिनीहरुको आफ्नो कमजोरी मानिलिनु अनि ख्रीष्टको शक्तिमा विजय दाबी गर्नु । (भजन ३७:५-७,
  २ तिमोथी १:७)

- तिनीहरुको कुलत त्याग्नु अनि तिनीहरु परीक्षामा पर्ने कुराहरुदेखि टाडा रहनु ।

- तिनीहरु पवित्र आत्माले भरिऊन् भनेर परमेश्वरसित प्रार्थना गर्नु ।

- जसले तिनीहरुलाई प्रभुमा निर्माण गरे तिनीहरुलाई, साथै एकाअर्काको सहयोग र प्रोत्साहनको निम्ति कुलतबाट निको भइसकेकाहरुलाई भेटिरहनु । (हिब्रू १०:२४-२५)

पैसासितको समस्याहरु

जसलाई आफ्नो पैसा सम्बन्धी समस्याहरु सुल्झ्याउन गाह्रो भइरहेछ, हामीले उनीहरुलाई सहायता गर्नु पर्दछ:

- तिनीहरुको दशांशद्वारा परमेश्वरको आदर गर्नु । (हितो. ३:९-१०)

- परमेश्वरले उनीहरुलाई जे जति दिनुभएको छ, त्यसैमा सन्तुष्ट रहनको निम्ति तिनीहरु स्वयं अनुशासित बनून् । (फिलिप्पी ४:११)

- दुवै लोग्ने स्वास्नी मिलेर, परिवारको बजेट बनाउनु होस् (उनीहरुको आम्दानी अनुसार के कति कसरी खर्च गर्ने विवरण)। (लूका १४:२८)

- लोग्ने स्वास्नी मिलेर जुन कुरो आवश्यक ठहराउँछन्, त्यही मात्र किन्नोस्, बिलहरु तुरन्तै तिर्नोस् अनि बाँकीमा किन्ने नगर्नोस् । (रोमी १३:५-८)

नानीहरुमा अनुशासनको अभाव, अथवा जवानहरुमा विद्रोहीपन

हामी आमाबाबुलाई निम्न कुरोको निम्ति सहयोग गरौं:

- नानीहरुलाई प्रेमसाथ, दृढता र न्यायी बनेर, अनि हलुका अनुशासनमा हुर्काउन सहायता गरौं । (एफिसी ६:४)

- विद्रोही नानीहरुलाई क्षमा दिने काम गरौं अनि जब उनीहरुले पश्चाताप गर्दछन् तब उनीहरुलाई पुनर्स्थापित गरौं । (लूका १५:११-३२)

बढो धैर्यता र प्रेमिलो बनेर हामी नानीहरु र जवानहरुलाई निम्न कुरोको निम्ति प्रोत्साहित गर्दछौं:

- उनीहरुका मातापिताको आदर र आज्ञापालन गर्न । (एफिसी ६:१-३०)

- जवानहरुलाई उनीहरुको मातापिता अनि परमेश्वरको वचनलाई आदर गर्न सिकाउने पदहरु हितोपदेशबाट सिक्न ।

नानीहरुको बारेमा अरु बढी निर्देशिकाको निम्ति, हेर्नोस् पाष्टरीय तालीम पुस्तिका नं. ५६ "मेरो परिवार" ।

क्षमादानको अभाव

यस्ता अवस्थाहरुमा, परामर्श दिने व्यक्तिले परामर्श लिने व्यक्तिलाई अरुहरुसित मिलाप गर्नको निम्ति सहयोग गर्दछ । उनीहरुको विरुद्धमा पाप गर्ने व्यक्तिलाई क्षमा दिनको निम्ति सहयोग गर्नलाई मत्ती ५:२३,२४ अथवा एफिसी ४:३२ प्रयोग गर्नसकिन्छ ।

विवाहमा झगडा, ईर्ष्या, गलत समझदारीहरु

हामी विवाहित दम्पत्तिलाई पनि सहयोग गर्दछौं:

- दम्पत्तिहरुको उजुरीलाई हामी गम्भीरतापूर्वक सुन्नेछौं (दुवैले बढो खुल्ला भएर भन्नुपर्ने छ)। (एफिसी ४:२५)

- एकाअर्काको अनुभवहरुलाई आदर र विचार गर्नेछौं । (फिलिप्पी २:१-११)

- कुनै रीस, क्रोध अथवा जोर आवाज ननिकाली क्षमा गर्नुहोस् । (एफिसी ४:३१-३२)

- घाम अस्ताउन अघि नै तिनीहरुको क्रोध सेलाउनु पर्छ, नत्रभने शैतानले तिनीहरुबाट फाइदा उठाउनेछ । (एफिसी ४:२६-२७)

- पत्नीः आफ्ना पतिको अधीनमा बस्नुपर्छ । (एफिसी ५:२२-२४)

- खीष्टले मण्डलीलाई प्रेम गर्नुभए जस्तै गरी पतिले पत्नीलाई प्रेम गर्नुपर्छ (अधीनमा बस्नको लागि कर लगाउने होइन, तर उसलाई यस्तो प्रेम र वास्ता देखाउने कि उनी स्वयंले आफ्ना पतिको अधीनता स्वेच्छापूर्वक स्वीकार गर्नेछ)। (एफिसी ५:२५-३३)

- पतिले हरेक साता कम्तिमा एक दिन (अथवा त्यो बर ाबरीको समय) आफ्नी पत्नीलाई अनि हरेक नानीलाई प्रेम प्रकट गरेर, अनि उनीहरुसँग कतिपय कामकुरोहरु (खेलकूद, बनभोज, अरु रुचीका कुराहरु, इत्यादि) गरेर बिताउनु राम्रो हुन्छ । (१ तिमोथी ५:८)

- दिनहुँ पारिवारिक उपाषनाहरु, मिलेर प्रार्थना गर्ने अनि परमेश्वरको वचन मनन गर्ने काम (बाबुले पारिवारिक पाष्टरीको भूमिका निभाउँदै) भएको होस् ।
  (एफिसी ५:१९-२१, एफिसी ६:४)

जब अनैतिक यौन सम्बन्ध हुन्छ

- वास्तविकतालाई मानिलिने, पश्चाताप अनि क्षमादान स्वीकार गर्ने, अनि पूर्ण रुपमा स्थापित हुनको लागि भर ोसा गर्ने ।

- अवैध सम्बन्धहरु त्याग्ने अथवा चट्ट छोडिदिने ।

- आत्मिकी परामर्श स्वीकार गर्ने, निश्चित रुपमा नयाँ प्रकारको व्यवहार स्थापित नभइञ्जेल प्रगति अथवा समस्याको विवरण प्रस्तुत गरिरहने ।

अकस्मात व्यभिचारको दुर्घट्नामा परेका अञ्जान व्यक्तिहरुको पनि परामर्शदाताले सेवा गर्नुपर्छ । येशू ख्रीष्टले दिनुभएको स्वतन्त्रताद्वारा उनीहरुले प्रेम पाएको, अनि उनीहरु आत्म-

विश्वासी भएको, अनि पवित्र आत्माद्वारा भावनात्मक चोटहरु निको भएको राम्ररी थाहा गर्न सक्ने अवस्थामा हामीले उनीलाई पुऱ्याउनु पर्दछ। (रोमी १२:१२, १५-२१)

भावनात्मक चोटहरुबाट छुटकारा पाउनको निम्ति

उनीहरुलाई परमेश्वरको उपस्थिति अनि शक्तिमा भरोसा गर्न प्रोत्साहित गर्नोस्। (यशैया ४१:१०, १ कोरन्थी १५:१०) परमेश्वरले हामीलाई डरबाट छुटकारा दिनुहुन्छ। (यशैया ४३:१, १ यूहन्ना ४:१८, २ तिमोथी १:७, भजन २७:१) समस्याहरु उब्जाइरहने गहिरो चोटहरुलाई प्रभुले निको नपारुञ्जेल उनीहरु "उम्किन" सक्तैनन्। परमेश्वरले हामीलाई पापको दोष र कुलतहरुबाट मात्र होइन, तर यदि हामीले आफूलाई चोट पुऱ्याउनेहरुलाई क्षमा गरेका छौं भने धेरै कष्टहरुबाट पनि छुटकारा दिनुहुन्छ।

निरासमा भएकाहरुलाई सहायता गर्नु

तिनीहरुलाई परमेश्वरको अनन्त प्रेमबारे निश्चयता दिनुहोस्। तिनीहरुलाई परमेश्वरको प्रेमबारे निश्चयता दिन

लूका १५:११-३२ मा भएको उडाऊ पुत्रको कथा अथवा एफिसी ३:१४-२१ मा भएको सल्लाह प्रयोग गर्नु होस् । येशूले हामीलाई उहाँको अनन्त शान्ति प्रतिज्ञा गर्नुभएको छ (यूहन्ना १४:२७)।

खराब इच्छाहरुबाट छुटकारा पाउनु

खराब इच्छाहरु अनि बानीहरुमाथि विजय पाउन
रोमी ८:५-१७ अथवा गलाती ५:१६-२५ प्रयोग गर्न सकिन्छ ।

भूतात्माहरुबाट छुटकारा पाउनु

निम्न कुराहरुसित सम्बन्धित भएका छन् भने अथवा तिनको प्रभावमा परेका छन् भने, भूतात्माहरुमाथि खीष्टको शक्ति दाबी गर्नोस् (मर्कूस ५:१-२०, एफिसी ६:१०-१८, प्रकाश १२, कलस्सी २:१५)

- रहस्यका आत्माहरुको अभ्यास (कालो जादू, आत्मा खेलाउने, जोखना हेर्ने, इत्यादि)।

- दुष्ट आत्माबाट पीडित अथवा भरिनु ।

- दासत्वमा पार्ने पापहरुः समलैङ्गिकता, पियक्कडपन, दुर्व्यसन, यौन अनैतिकता, लोभ, घमण्ड, घृणा, ईर्ष्या, इत्यादि ।

- चोट यति गहिरो छ कि यसले मानवी सल्लाह अथवा इच्छा शक्तिमा मात्र समर्पण हुनै मान्दैन ।

बिरामीहरुलाई परामर्श दिने अनि भूतात्माबाट छुटकारा पाउने सम्बन्धमा हेर्नोस् पाष्टरीय तालीम पुस्तिकाहरु ३८ "बिर ामीहरुलाई सान्त्वना दिनु" अनि पुस्तिका ५७ "अन्धकारमाथि विजयी बन्दै जानु" ।

अप्ठचारो परिस्थितिमा अरुहरुको सल्लाह लिनुहोस् ।

समस्याको मूल कारण के हो तपाईंले नबुझ्नुञ्जेल, अथवा यदि तपाईंको परामर्शले समस्याको समाधान भइरहेको छैन भने, तपाईंभन्दा बढी अनुभवी अर्को पाष्टरको सहयोग तपाईंले लिनुपर्छ, अथवा खाँचो अनुसार, कुनै व्यावसायिक मनोचिकित्सक (सकेसम्म एक इसाई), अथवा एक डाक्टरको मदत लिनुहोस् । आफ्ना कमजोरी मानिलिनु अनि अरुहरुको

वरदानहरुको सहयोग लिनुले हाम्रो आत्मिकी परिक्वतालाई बुझाउँछ। यसरी, समय खेरो जाँदैन, अनि बिरामीमाथि नर ाम्रो प्रभाव परेर ऊ पनि अनावश्यक कष्टमा पर्नु पर्नेछैन।

विभिन्न अवस्थाहरुको लागि बाइबलीय खण्डहरु

दिनहुँ बाइबलको एक खण्डमा मनन गर्दा धेरै फाइदा हुन्छ। परमेश्वरका प्रतिज्ञाहरु अति गहन हुन्छन्। तिनीहरुमा जीवन र शक्ति हुन्छ। जब कुनै पनि व्यक्तिले यिनीहरुलाई आफ्नो बनाउँछ, उसको जीवनमा परमेश्वरको वचनद्वारा उनीहरुले लिएको उद्देश्य पूरा हुन्छ। कष्टको समयमा तिनीहरुले सहयोग पुऱ्याउने छन्। बाइबले भन्दछ "परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ" (हिब्रू ४:१२)। *"...त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यसलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ।"* (यशैया ५५:११)

परामर्श लिँदै गरेको व्यक्तिलाई मननको निम्ति बाइबलको खण्ड दिनु, अनि अरु तरिका अप्नाएर उसलाई परामर्श दिनु, एकाअर्काका सम्पूरक हुन्, विकल्प होइनन्।

त्यो व्यक्तिले परमेश्वरको वचनलाई भाग्यको खेलको रुपमा लिनु भएन, तर त्यो वचन बोल्नु हुने व्यक्ति अर्थात प्रभुमाथि भरोसा गर्नुपर्‍यो । तपाईंको सहयोगको निम्ति यहाँ केही बाइबलीय पद्यांशहरु दिइएका छन्:

- परमेश्वरद्वारा तपाईंको हृदय जाँच्नको लागि । (भजन १३९:२३-२४)

- खीष्टमा पाइने जीवनको आधारभूत शिक्षाको बारेमा । (रोमी ६-८, २ कोरन्थी ५:१७, कलस्सी २:९-१०)

- भरोसा र निश्चयताको बारेमा । (फिलिप्पी ४:१३, यूहन्ना १०:२७-२८, रोमी ८:३८-३९, २ तिमोथी १:७, भजन २७, यशैया २६:३, ४०:३१, एफिसी ३:२०-२१)

- डरको विरुद्धमा । (यूहन्ना ११:१७-४४, यूहन्ना १७ अनि २०, रोमी ८, १ कोरन्थी १५:५१-५८, २ कोरन्थी ४:८-१८, २ कोरन्थी ५:१-८, २ कोरन्थी १२:९, हिब्रू २:१४-१५, १३:६)

- चिन्ताहरुको विरुद्धमा । (मत्ती ६:२५-३४, फिलिप्पी ४:६-७, हिब्रू १३:५-६, १ पत्रुस ५:७, २ तिमोथी ४:१७-१८)

- पश्चातापीको निम्ति क्षमादानको सम्बन्धमा । (भजन ३४:१८, १०३:१२, यशैया १:१८, ५३:५-६, एफिसी १:७, १ यूहन्ना १:९)

- विपत्तिलाई सामना गर्नुपर्दा । (लूका ८:२२-२५, २ तिमोथी ३)

- निरुत्साहित बन्दा । (मत्ती ५:४, मत्ती ११-१२, यूहन्ना १४:१-३, २ कोरन्थी ४:८, ४:१६-१८, फिलिप्पी ४:४-७, हिब्रू १३:५-६, १ यूहन्ना ३:१-३)

- परीक्षा सम्बन्धी । (मत्ती ६:२४, २५:१-१३, मर्कूस ९:४३-५१, १३:३३-३७, लूका २१:३४-३६, रोमी १३:१२-२४, १ कोरन्थी १०:१३, फिलिप्पी ४:८, हिब्रू २:१८, याकूब १:१२, २ पत्रुस २:९, यहूदा २४-२५)

- बिरामी, तथा पीडा भएको, अथवा भावनात्मक सङ्घर्ष चलेको बेला । (भजन ४१:४, १०३:३, मत्ती २६:३९, रोमी ५:३-५, २ तिमोथी २:३, हिब्रू १२:१-११, याकूब ५:११-१६, १ पत्रुस ४:१९)

- प्रार्थनाको खाँचोबारे । (यशैया ४०:३१, यर्मिया ३३:३, मत्ती ६:५-१५, १८:१९-२०, मर्कूस ११:२४, लूका ११:१-१३, १८:१-१४, यूहन्ना १६:२३, यूहन्ना १७, १ यूहन्ना ५:१४-१५)

- मुक्तिको बारेमा । (रोमी ३:२३, ६:२३क ५:८, ६:२३ख, १०:९, रोमी १३ (यही रुपमा, मुक्तिको योजनाबारे बताइदिनु)। यूहन्ना ३:१६, र यूहन्ना ५:२४, रोमी ३:२८, र ४:५)।

- परमेश्वरको खोजीबारे । (व्यवस्था ४:२९, हितोपदेश ८:१७, यर्मिया ३१:३, प्रेरित १७:२७)।

- संकटको समयमा । (मत्ती ६:२५-३४, २ तिमोथी १:७, हिब्रू ४:१६, १३:६)

- शोकको बेला । (भजन ३४:१९, ५०:१५, यूहन्ना १४, रोमी ८:२८-३९, १ कोरन्थी १५:५१-५८, २ कोरन्थी १:३-४, १ थिस्सलोनिकी ४:१३-१८, हिब्रू १२:५-१३, १ पत्रुस ५:७)

- हरेक अवस्थामा परमेश्वरलाई धन्यवाद दिनुको महत्त्व । (१ थिस्स. ५:१८, हिब्रू १३:१५)

- भुक्तमान हुँदा । (मत्ती ११:२८-३०, यूहन्ना १४:१-४, हिब्रू ७:२५, २ पत्रुस २:९)

- थकित हुँदा । (मत्ती ११:२८-३०, यूहन्ना १४:१-४, रोमी ८:३१-३९, १ कोरन्थी १५:५८, गलाती ६:९-१०)

- जब साथीहरु अथवा अरुहरुले तपाईंलाई चोट पुऱ्याउँछन् अथवा निरास पार्छन् । (मत्ती १०:२१-३९, लूका १७:३-४, रोमी १२:१४,१७,१९,२१, १ कोरन्थी १३)

- घर छोड्दा । (मत्ती १०:१६-२०, २८:१९-२०, यूहन्ना १४:१-४, लूका १५:११-३२, हिब्रू ११:८-१६)।

- ईश्वरीय सुरक्षाको बारेमा । (मत्ती १०:२४-३३, ११:२८-३०, रोमी ८:३१-३९, फिलिप्पी ४:१९)

- हृदयमा शान्ति नहुँदा । (लूका १०:३८-४२, यूहन्ना १४, यूहन्ना १६:२०, २२-२४,३३, रोमी ५:१-५, फिलिप्पी ४:६-७, कलस्सी ३:१५)

- पराजित भएको महसूस हुँदा । (मत्ती २६:३३-३५, २६:६९-७५, यूहन्ना २१:१५-२२, ८:३५-३९, १ कोरन्थी १०:११-१३, प्रकाश २ र ३)

- शैतान पराजित भएको छ । (रोमी १६:२०, एफिसी ६:१०-२०, कलस्सी २:१५, हिब्रू २:१४-१५, याकूब ४:७, प्रकाश २०:१०)

सारांश जाँच

१. हामीले कहिले परामर्श दिनुपर्छ ?

☐ आइतबारका सेवाहरुपछि ।

☐ जब जब आवश्यक पर्छ ।

२. व्यक्तिगत समस्यालाई कसरी व्यवहार गरिन्छ:

☐ सार्वजनिक रुपमा ।

☐ गोप्य रुपमा ।

३. हामीले गोप्य रुपमा व्यक्तिगत कुराहरु छलफल गर्नुपर्छ । त्यसपछि परामर्शदाताले:

☐ यो कुरा मण्डलीभरि भनिहिँड्नु पर्छ ।

☐ यसको गोपनीयतालाई आदर गर्नुपर्छ ।

परामर्शदाताले विश्वासको साथ भनिएका कुरालाई गोप्य राख्दछ, अनि आफ्नो पति वा पत्नीलाई पनि भन्दैन ।

४. समस्याको जरा पत्ता लाउने सिलसिला चल्दा, केमा थोरै मात्र ध्यान लाउने काम गरिन्छ: :

☐ बाहिरी सतहको उजुरीहरुमा ।

☐ समस्याका जराहरुमा ।

५. बाहिरी सतहका उजुरीहरुले कहिले-काहीँ खास कारणलाई छोपिदिन्छ, जुन कारण नै खास जरा हुनसक्छ । यो कसरी पत्ता लाइन्छ:

☐ बुद्धिमानीपूर्वक प्रश्नहरु गरी सोध-खोज गरेर ।

☐ तिनीहरु नरोइञ्जेल हकारेर ।

हामीले धैर्यपूर्वक सोध्नु अनि सुन्नुपर्दछ । यदि त्यो व्यक्ति एक विश्वासी हो भने, हामीले उसको निम्ति परमेश्वरको इच्छा खोज्छौं, अनि त्यो जे भए पनि हामीले ग्रहण गर्नेछौं ।

६. मानिसहरुलाई कुनै कुरो गराउनको निम्ति एक पर ामर्शदाताले सहयोग गर्नु पर्ने तीन कुराहरु स्मरण गर्नोस् । मानिलिउँ, एक दम्पत्तिले सम्बन्ध विच्छेद गर्न लागेका छन् । पत्नी भन्छे मेरो पति पियक्कड हो । पति भन्छ उसको ङ्याङ्-ङ्याङ्ले गर्दा मैले पिएको हुँ । तिनीहरुको समस्याको खास कारण पत्ता लाउन तपाईंले कसरी सहयोग पुऱ्याउन सक्नहुन्छ ? परमेश्वरसित तिनीहरुको सम्बन्धलाई सुधार गर्न तपाईंले कसरी सहायता गर्न सक्नुहुन्छ ? कसरी उनीहरुलाई बाइबलीय सिद्धान्तहरु प्रयोग गर्न सहयोग गर्न सक्नुहुन्छ ?

_____

_____

_____

अभ्यासको काम

- ती व्यक्तिहरुलाई परामर्श दिनुहोस् जसले तिनीहरुका समस्याहरु अथवा परिस्थितिहरुको निम्ति सहायता मागिरहेका छन् ।

- यो तालीम पुस्तिका प्रयोग गरेर, अरु जिम्मेवारी व्यक्तिहरुलाई परामर्श दिने कामको निम्ति तालीम दिनोस् ।

- तपाईंलाई यस सेवकाइमा सहयोग गर्न चाहनेहरुका नाउँ यहाँ लेख्नुहोस् ।

_____

_____

_____

_____

_____

_____

_____

_____

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

039NP01A-01